# चामुण्डाविन्द्रासैनी नगरपालिका

visit nepal 2020 Lifetime Experiences

जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश नेपाल

मिति: २०७६/११/२५

पत्र संख्या:-०७६/७७
च. नं.

## प्रेस विज्ञप्ती

विश्वका ९० भन्दा बढी मुलुकमा कोरोना भाइरस संक्रमण फैली त्यस महामारी रोगबाट विभिन्न मुलुकमा हजारौं मानिसले ज्यान समेत गुमाई सकेको तथा विश्व स्वास्थ्य संगठनले समेत नेपाललाई संक्रमणको उच्च जोखिममा रहेको देशको सूचीमा राखेको सर्वविदितै छ। यस विषम परिस्थितिमा नेपाल सरकारले समेत नेपाली वासीका नाममा सार्वजनिक समारोह, सामुहिक भोज भतेर लगायतका कार्यहरु नगर्न अनुरोध गरेको तथा हाम्रो चामुण्डाविन्द्रासैनी नगरपालिकमा कोरोना भाइरसबाट बच्न यस वर्ष होली नमनाऔं। मनाउन परेमा चिसो पानीमा भिज्दा भाइरस संक्रमण हुन सक्ने हुँदा सार्वजनिक रुपमा पानी छ्याप्ने, रंग अविर छ्याप्ने जस्ता कार्यहरु नगरौं। अस्पतालमा विरामी भेट गर्न अति आवश्यक बाहेक अस्पताल नजाने, मेला पर्व भिडमा विना काम नजाने, जानेपर्ने अवस्थामा आवश्यक सतर्कता अपनाउने जस्ता कार्यहरु गर्न हुन सम्पुर्ण नगरवासीमा अपिल गर्दछु। साथै रचनात्मक सुझाव, सक्रिय सहयोग र सदभावपुर्ण योगदान गर्नहुने सम्पुर्ण निकाय एवम् महानुभावहरु प्रति चामुण्डाविन्द्रासैनी नगरपालिका हार्दिक आभार व्यक्त गर्दछ।

सम्पुर्ण नगरवासीको स्वास्थ्य सुरक्षाका विषयमा यो नगरपालिका प्रतिबद्ध रहेको जानकारी गराउदै सबैलाई आ-आफ्नो स्वास्थ्य अवस्था बारे सचेत रहन, रोकथामका उपायहरु अवलम्वन गर्न र कुनै लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्न चामुण्डाविन्द्रासैनी नगरपालिकाका सम्पुर्ण नगरवासीमा अपिल गर्दछु।

(सूर्यबहादुर शाही)
नगर-प्रमुख

सूर्य बहादुर शाही
नगर-प्रमुख